**लम्कीचुहा नगरपालिकाको सम्मानित पन्ध्रौँ नगरसभा अधिवेशनको दोस्रो बैठकमा मिति २०८२ साल असार ५ गते बिहीबार नगरपालिकाका नगर उप-प्रमुख श्री जुना चौधरी ज्यू ले प्रस्तुत गर्नु भएको**

# आर्थिक वर्ष २०८२।०८३

# को बजेट वक्तव्य

## लम्कीचुहा नगरपालिका
## भल्का, कैलाली

**नगरसभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरु,**

१. सर्वप्रथम, लम्कीचुहा नगरपालिकाको पन्ध्रौँ नगरसभा अधिवेशनको दोस्रो वैठकमा हार्दिक स्वागत गर्दछु । नगरपालिकाको आगामी सोच एवं जनआकाङ्क्षा समेटिएको आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम र बजेटमार्फत् व्यावहारिक रुपमा कार्यान्वयनमा ल्याउनका लागि नेपालको संविधानको धारा २३० को प्रबन्ध बमोजिम पन्ध्रौं नगर अधिवेशनमा आ.व. २०८२/८३ को आय र व्यय अनुमान प्रस्तुत गरिरहँदा अत्यन्त गर्वको महसुस गरेको छु ।

२. यस महत्वपूर्ण अवसरमा देशको निम्ति बलिदान गर्ने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै संघीय शासनपद्धतिलाई आत्मसात् गर्दै राष्ट्रियता, स्वाधीनता, सामाजिक न्याय, समानता र समृद्धि प्राप्तिको लागि संघर्ष गर्नुहुने महान् नेपाली जनता र सो अभियानको सफल नेतृत्व गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरूप्रति हार्दिक सम्मानभाव व्यक्त गर्न चाहन्छु ।

३. यो बजेटले नगरपालिकाको जनअपेक्षालाई क्रमशः सम्बोधन गर्दै नगरपालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक, प्रविधि, दिगो पूर्वाधार, नवप्रर्वतन एवं उद्यमशीलता तथा विपद् उत्थानशील विकासमा रणनीतिक महत्व राख्ने विश्वास लिएको छ ।

४. "लम्कीचुहा नगरपालिकाको समृद्दीको आधारः शिक्षा, कृषि, पर्यटन र पूर्वाधार " भन्ने मूल नारालाई आत्मसात् गर्दै स्वास्थ्य, शिक्षा, रोजगारी, कृषि उत्पादन, खानेपानी, दीगो पूर्वाधार विकास निर्माण तथा प्रभावकारी सेवा प्रवाहमार्फत् सुशासन कायम गरी नगरवासीलाई परिर्वतनको प्रत्यक्ष लाभ पुर्याउन नगरपालिका कटिबद्ध रहेको जानकारी गराउन चाहन्छु ।

५. नेपालको संविधान, संघीय तथा सुदूरपश्चिम प्रदेश सरकारबाट जारी ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालनको मार्गदर्शनको रुपमा रहेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नगरपालिकाको आर्थिक विधेयक, २०८२, विनियोजन विधेयक, २०८२, आ.व. २०८२।८३ को नीति तथा कार्यक्रम, संघीय तथा सुदूरपश्चिम प्रदेश सरकारको आ.व. २०८२/८३ का नीति तथा कार्यक्रम, नगरपालिकाका विषयगत समितिका सुझावहरू, विज्ञ महानुभावका सुझावहरु, दीगो विकासका लक्ष्यहरु, नगर सभाका सदस्यज्यूहरूले दिनुभएका सुझावहरू, सञ्चारकर्मी, नागरिक समाज, राजनीतिक दलहरू, विभिन्न संघ संस्था एवं सरोकारवालाको सुझाव र नगरबासी दिदीबहिनी तथा दाजुभाइहरूबाट प्राप्त महत्वपूर्ण सुझाबहरूलाई समेत समेटी आ. व. २०८२/ ८३ को नीति तथा कार्यक्रम तर्जुमा र सोको कार्यान्वयन गर्न अनुमानित आय र व्यय प्रस्तुत गरिएको छ ।

६. अव म नगरपालिकाको वर्तमान वित्तीय अवस्थाको संक्षिप्त जानकारी प्रस्तुत गर्दछु । चालु आ. व. २०८१।८२ को लागि कुल बजेट रु १ अर्व ११ करोड ६४ लाख ७७ हजार अनुमान गरिएको थियो, जसमध्ये चालु शीर्षकमा रु ७१ करोड ७७ लाख २७ हजार विनियोजन भएकोमा मिति २०८२ को हालसम्म रु ४६ करोड १८ लाख ४७ हजार अर्थात ६४.३४ प्रतिशत र पुँजीगततर्फ रु ३९ करोड ८७ लाख ४९ हजार विनियोजन भएकोमा २० करोड

७७ लाख ४० हजार अर्थात ५२.१ प्रतिशत गरी कुल खर्च जम्मा रु ६६ करोड ९५ लाख ८८ हजार अर्थात ५९.९७ प्रतिशत भएको अवस्था छ ।

७. अब म आगामी आ.व. २०८२।८३ मा प्रस्ताव गरिएको बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

क. उत्पादन वृद्धिमार्फत् आत्मनिर्भर नगरपालिका
ख. गुणस्तरीय शिक्षा तथा स्थास्थ्यमा नगरबासीको पहुँच वृद्धि
ग. उत्पादनमूलक रोजगारी सिर्जना
घ. दिगो तथा वातारणमैत्री एवं विपद् उत्थानशील पूर्वाधार निर्माण
ङ. सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता एवं सूचना प्रविधिको प्रयोगमार्फत सुशासनको अनुभूति
च. नवप्रर्वतन तथा उद्यमशीलता प्रर्वद्धन
छ. वन तथा वातावरण संरक्षण र सम्वर्दन
ज. सुरक्षित, गुणस्तरिय पर्यटन सेवाको विस्तार
झ. कृषिमा आधुनिकीकरण, व्यवसायीकरण तथा यान्त्रीकरण

८. आ.व. २०८२।०८३ को बजेटको उद्देश्य हासिल गर्न देहाय अनुसारका नीतिगत कार्यक्रमगत र प्रक्रियागत प्राथमिकता निर्धारण गरिएको छ ।

१. शहरी पूर्वाधार, भूउपयोग तथा वस्तिविकास र अधुरा योजनाहरुको निरन्तरता
२. कृषि तथा पशुविकास कार्यक्रम
३. शिक्षा विकास
४. नियमित सडक मर्मत सम्भार
५. स्वास्थ्य सेवा
६. वातावरण, सरसफाइ एवं हरियाली नगरपालिका
७. सूचना प्रविधि तथा डिजिटल प्रणालीको उपयोग
८. रोजगार प्रर्वद्धन र उद्यमशीलता
९. पर्यटन तथा उद्योग र वाणिज्य तथा सहकारी
१०. युवा तथा खेलकुद विकास
११. लैङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशीकरण
१२. विपद् तथा प्रकोप कोष व्यवस्थापन
१३. राजस्व प्रशासन सुदृढिकरण
१४. कर्मचारी प्रशासन सशक्तीकरण तथा जनशक्ति विकास

उल्लेखित उदेश्य एवं प्राथमिकता कार्यान्वयन गर्ने नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, नीजि तथा सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय टोलविकास संस्थासंग अधिकतम समन्वय एवं साझेदारी गरिनेछ।

**नगरसभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरु,**

९. आर्थिक वर्ष २०८२।०८३ को बजेट तर्जुमा गर्दै गर्दा हाम्रो आय बमोजिम कुशल व्यय हुने गरि यस नगरको समृद्दीतर्फको भविष्य र जनताको विकास प्राप्तिको आकांक्षालाई सम्बोधन गर्न परिणाममुखी बजेट विनियोजन सिद्दान्तलाई आत्मसाथ गरेको छु। नगर अर्थतन्त्रको थप पुँजी निर्माण हुने खर्च र पुजीगत प्राप्ती तर्फ लक्षित आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत नीति तथा कार्यक्रमका आधारमा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन हुने व्यवस्था मिलाएको छु। नगर कार्यपालिकाबाट स्वीकृत गरि पेश गरेको आ.व. २०८२।०८३ को आय र व्ययको अनुमान स्वीकृतिको लागि यथार्थ बजेट रकम आय र व्ययको अनुमान पेश गरेको छु।

**नगरसभाका अध्यक्ष महोदय**

**नगर सभाका सदस्यज्यूहरु**

अब म आगामी आर्थिक वर्षका लागि प्रस्तावित राजश्व र खर्चको विवरण प्रस्तुत गर्न चाहान्छु।

१०. यस नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ का लागि कुल आय १ अर्ब २० करोड ९९ लाख हुने अनुमान गरिएको छ भने कुल खर्च तर्फ चालु खर्च ७६ करोड ५७ लाख रहेको छ भने पुँजीगत तर्फ ४४ करोड ४२ लाख रहेको छ। कुल आय तथा व्ययको स्रोत र क्षेत्रगत विवरण निम्नानुसार रहेको छ।

**आयतर्फ**

क. आन्तरिक आय: रु ४३ करोड ८७ लाख ६० हजार ८ सय ३२ रुपैया

ख. राजश्व बाँडफाँडः १८ करोड २१ लाख ६ हजार १ सय ६८ रुपैया

ग. समानिकरण अनुदान (नेपाल सरकार): १८ करोड ५९ लाख

घ. समानिकरण अनुदान (प्रदेश सरकार): १ करोड ७६ लाख ३३ हजार

ङ. सशर्त अनुदान नेपाल सरकार : ३६ करोड १८ लाख

च. सशर्त अनुदान प्रदेश सरकार : ८५ लाख

ज. समपुरक अनुदान नेपाल सरकार : ५२ लाख

झ. समपुरक अनुदान प्रदेश सरकार : १ करोड

ञ. कुल जम्मा आय- १ अर्ब २० करोड ९९ लाख

**व्ययतर्फ**

क. चालु खर्च : ७६ करोड ५७ लाख

ख. पुँजीगत खर्च : ४४ करोड ४२ लाख

ग. कुल जम्मा : १ अर्ब २० करोड ९९ लाख

११. उल्लेखित अनुमानित आय र व्ययको बजेट रकम बराबर हुने गरि विनियोजन गरिको छु । यसले गर्दा यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेट सन्तुलित बजेटको सिद्दान्त अनुसार आ.व. २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर बजेट तर्जुमा भएको व्यहोरा यस सम्मानित नगरसभालाई जानकारी गराएको छु ।

१२. क्षेत्रगत कार्यक्रम तर्फ आर्थिक विकास तर्फ कुल बजेट मध्ये १ करोड ९२ लाख विनियोजन गरेको छु, जुन कुल बजेटको १.५९ प्रतिशत हो । यसैगरि सामाजिक विकास तर्फ कुल बजेटमध्ये १६ करोड ७८ लाख मात्र विनियोज गरेको छु, जुन कुल बजेटको १३.८६ प्रतिशत हो । यसैगरि पूर्वाधार विकास तर्फ कुल बजेटमध्ये ४२ करोड ५७ लाख विनियोजन गरेको छु, जुन कुल बजेटको ३५.१८ प्रतिशत हो । यसैगरि सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ कुल बजेटमध्ये २ करोड ८५ लाख विनियोजन गरेको छु, जुन कुल बजेटको २.३६ प्रतिशत हो यसैगरि कार्यालय संचालन तथा शशर्त चालु तर्फ कुल बजेटको ५६ करोड ८७ लाख विनियोजन गरेको छु, जुन कुल बजेटको ४७.०१ प्रतिशत हो ।

१३. खर्च तर्फ योजनागत विस्तृत विवरण अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ । व्ययको चालु प्रशासनिक खर्च तर्फ नेपाल सरकारले तोकेको राष्ट्रसेवक कर्मचारीहरुको तलब, सेवा सुविधा र नगरपालिकाले दिएको सेवा सुविधा सोही सरह कायम हुने गरि यस नगरपालिकामा कार्यरत सम्पूर्ण स्थायी, करार, ज्यालादारी कर्मचारीहरुको तलब भत्ता र अन्य सुविधा प्रशासनिक खर्चको शिर्षकमा तलब भत्ता र सुविधाको खर्च रकम उल्लेख गरेको छु । विकास खर्चलाई चालु खर्चमा परिवर्तन गर्न नपाईने, करारमा कार्यरत कर्मचारीहरुको पुनरावलोकन गरि प्रशासनिक खर्च भार घटाउने र खरिद प्रक्रियालाई पारदर्शी बनाउँदै समयमै खरिद कार्य सम्पन्न हुने र आफ्नै आन्तरिक स्रोतले चालु खर्च धान्ने गरि आत्मनिर्भर उन्मुख बजेट कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

**नगरसभाका अध्यक्ष महोदय**

**नगर सभाका सदस्यज्यूहरु**

१४. अब म लम्कीचुहा नगरपालिकाको आ.व. २०८२।०८३ का लागि क्षेत्रगत रुपमा विनियोजन गरिएको बजेट प्रस्तुत गर्न चाहन्छु ।

**अधुरा तथा क्रमागत आयोजनाहरुको निरन्तरता**

१५. चालु आ.व. मा निर्माण सम्पन्न हुन नसकेका तथा भूक्तानी बाँकी रहेका र क्रमागत एवं बहुवर्षीय ठेक्का भएका योजनाहरु समयमै सम्पन्न गर्नका लागि रु. ८ करोड ९० लाख विनियोजन गरेको छु ।

**शिक्षा, युवा तथा खेलकुद**

१६. उच्च शिक्षामा पहुँच बढाउन तथा एम बि बि एस, होटल म्यानेजमेन्ट जस्ता विषयमा अध्ययनका लागि प्रदान गरिने छात्रवृति तथा अनुदान कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

१७. उत्कृष्ठ सामुदायिक विद्यालयलाई प्रोत्साहन गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१८. लम्कीचुहा नगरपालिकाका स्थायी बासिन्दाले विद्यावारिधीको उपाधी प्राप्त गर्नेलाई एकमुष्ठ रु २ लाख उपलब्ध गराउने व्यवस्था गरेको छु।

१९. सामुदायिक विद्यालयमा कार्यरत नगर अनुदान शिक्षकक तलव तथा बालविकास तर्फ नगरपालिकाले व्यहोर्ने रकममा मासिक १० प्रतिशतले वृद्दी गरिनुका साथै पोशाक भत्ता वापत रु ३ हजार उपलब्ध गराउने व्यवस्था गरेकोछु।

२०. शिक्षा, युवा तथा खेलकुद शाखाका लागि कुल ११ करोड ४८ लाख रकम विनियोजन गरेको छु।

**स्वास्थ्य सेवा**

२१. महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई उपलब्ध हुने प्रोत्साहन भत्तामा वार्षिक रु २ हजारले वृद्दी गरेको छु।

२२. HIV संक्रमित व्यक्तिहरुलाई उपलब्ध गराउँदै आएको पोषण भत्ता वापतको रकमलाई निरन्तरता दिईनेछ।

२३. लम्कीचुहा नगरपालिका वडा नं. २ स्थित भल्का अस्पताल संचालनका लागि दिदै आएक अनुदान रकममा रु १ करोडले वृद्दी गरेको छु।

२४. स्वास्थ्य बिमा कार्यक्रममा नगरपालिकाले दिने सहुलियत कार्यलाई निरन्तरता प्रदान गरेको छु।

२५. स्वास्थ्य सेवा तथा बिमा कार्यक्रमतर्फ रु ५ करोड विनियोजन गरेको छु।

**आर्थिक विकास**

२६. खाद्यन्न बालि, मसला बाली, तरकारी बालिको पकेट क्षेत्रको विकास तथा कृषि सामग्रीमा अनुदान उपलब्ध गराउने कार्यलाई निरन्तरता प्रदान गरेको छु।

२७. किसान सूचीकरणका लागि लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा आवश्यक कर्मचारी व्यवस्थापन गरी सूचीकरण कार्यलाई सरल र छरितो बनाईनेछ।

२८. नश्ल सुधार, घाँसको बिउ, कृतिम गर्भाधान लगायतका कार्यहरुमा दिइदै आएको अनुदानलाई निरन्तरता प्रदान गरिएको छ।

२९. कृषि तथा पशु सेवा तर्फ रु १ करोड ९२ लाख विनियोजन गरेको छु।

**महिला बालबालिका तथा समाज कल्याण**

३०. बालमैत्री स्थानीय तह घोषणाका लागि ५१ वटा सूचकमा आधारित भई बालमैत्री स्थानीय तह घोषणा गरिनेछ

३१. बालकोष स्थापना गरिनेछ

३२. महिला बालबालिका तथा समाज कल्याण तर्फ रु २५ लाख विनियोजन गरेको छु।

**न्याय**

३३. न्यायीक समितिका पदाधिकारी तथा मेलमिलापकर्ताको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिईएको छ।

३४. न्यायीक समितिका अन्य नियमित संचालन भईरहेका योजना तथा कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता प्रदान गरेको छु।

३५. उप प्रमुख कमलरीसंग सिपमुलक क्षमता विकास कार्यक्रमका लागि रु ५ लाख विनियोजन गरेको छु।

३६. न्यायीक समितिका लागि रु ३५ लाख विनियोजन गरेको छु।

**पञ्जीकरण तथा सामाजिक सुरक्षा**

३७. सामाजिक सुरक्षा तथा पञ्जीकरणलाई सरल, सहज तथा नागरिकमैत्री बनाउनका लागि आवश्यक व्यवस्था गरेको छु।

३८. पञ्जीकरण तथा सामाजिक सुरक्षा तर्फ रु ५ लाख विनियोजन गरेको छु।

**भूमि समस्या समाधान**

३९. भूमि समस्या समाधानका लागि नापजाँच गर्न वाँकी रहेका वडाहरु क्रमश ६, ७, ८, ९ र १० मा जग्गा नापजाँचको कार्यलाई यथाशिघ्र संचालन गरिनेछ।

४०. भूमि समस्या समाधानका लागि रु ७० लाख विनियोजन गरेको छु।

**पूर्वाधार विकास तथा पुँजीगत**

४१. लम्कीचुहा नगरपालिकामा रहेका विपन्न नागरिकहरुलाई आवास उपलब्ध गराउनका लागि नगर प्रमुख आवास कार्यक्रमलाई निरन्तरता प्रदान गर्न १ करोड विनियोजन गरेको छु।

४२. वडा नं. ८ मलभंगा गाउँ रिङरोड हुँदै तोरीपुरसम्म कालपत्रे बाटो निर्माणका लागि १ करोड १० लाख विनियोजन गरेको छु।

४३. विजय स्वारको घरदेखि धना चौधरीको घरसम्म जाने बाटो कालोपत्रे सडक निर्माणका लागि रु ४० लाख विनियोजन गरेको छु।

४४. लम्कीचुहा नगरपालिका क्षेत्रमा रहेका सडकहरुको स्तरोन्नती तथा मर्मत गर्नका लागि आवश्यक सवारी साधन खरिद गरिनेछ।

४५. लम्कीचुहा नगरपालिका वडा नं. १० चुहा गाउँमा सहदेव जोशीको घर देखि उत्तर तर्फको बाटो हुँदै श्याम बमको घरसम्म बाटो कालोपत्रे गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

४६. लम्कीचुहा नगरपालिका वडा नं. १० खेत गाउँ पिपल चोक देखि पुर्व पट्टी वडा नं. १० को सिमानासम्म सडक कालोपत्रे गर्ने आवश्यक बजेट व्यवस्था गरेको छु।

४७. वडा नं. १० तोरीपुर मन्दिर देखि तोरीपुर गाउँ हुँदै केराबारी सम्म सडक कालोपत्रेका लागि आवश्यक रकम विनियोजन गरेको छु।

४८. पुन्सरा चौधरीको घरदेखि रिमालको घरसम्म वडा नं. १० को सडक कालोपत्रेका लागि रु २० लाख विनियोजन गरेको छु।

४९. वडा नं. ७ का विभिन्न स्थानमा नाला सहित सडक कालोपत्रे सडक निर्माणका लागि रु १ करोड ५० लाख विनियोजन गरेको छु।

५०. लम्कीचुहा नगरपालिकामा आम नागरिकको स्वास्थ्य सुधार तथा स्वस्थ जीवनशैली स्थापना गर्ने ध्येयले सेराजिम तथा खुल्ला जीम जडानका लागि आवश्यक रकम विनियोजन गरेको छु।

५१. भल्मन्सा तथा चिराकीलाई मोवाईल र साईकल वितरण गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु।

५२. उज्यालो नगर मार्फत सुरक्षित नगर स्थापना गर्नका लागि नगरका चोकहरुमा हाईमष्ट लाईट जडानका लागि रु १ करोड विनियोजन गरेको छु।

५३. वडा नं. ९ चोरी नदी देखि एकलघरुवा चौराहासम्म सडक कालपत्रेका लागि आवश्यक रकम विनियोजन गरेको छु।

५४. वडा नं. ९ दुर्गौलीको चरेला नदिदेखि मैनवाडाडा विद्यालयसम्म सडक कालोपत्रेका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

५५. वडा नं. धनचैया खुम बडाहदुर बमको घरदेखि वनवर्षा नवजागरण आ.वि. सम्म सडक कालोपत्रेका लागि रकम विनियोजन गरेको छु।

५६. बंगालीपुरको पिपल चौतारादेखि झोलुङ्गे पुलसम्म सडक कालोपत्रे निर्माणका लागि रकम विनियोजन गरेको छु।

५७. वनवर्षा ग्रामीण विद्युत सहकारीदेखि सोनपुरसम्म सडक कालोपत्रेका लागि आवश्यक रकम विनियोजन गरेको छु।

५८. भुराघाट शंकर चौधरीको घरदेखि सेती लोकमार्गसम्म सडक कालोपत्र सडक निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु।

५८. लम्कीचुहा नगरपालिका वडा नं. १ को मानव सेवा आश्रमको भवन निर्माणका लागि रु ५ लाख विनियोजन गरेको छु।

५९. विभिन्न लक्षित वर्गहरुका लागि निश्चित मापदण्ड बमोजिम वास्तविकतामा आधारितभई पूर्वाधार निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु।

६०. उल्लेखित आय र व्ययको प्रस्तुतीकरणका अलावा नगरपालिकामा कार्यान्वयन हुने तर आय-व्यय (बजेट) पुस्तिकामा समावेश नभएको अनुमानित बजेट रकमको विवरण निम्न बमोजिम रहने व्यहोरा समेत यस सम्मानित नगरसभा समक्ष सादर जानकारी गराएको छु।

क. सामाजिक सुरक्षा तर्फ अनुमानित रकम रु. ३५ करोड

ख. सडक बोर्ड नेपाल तर्फ अनुमानित बजेट रु ७० लाख

ग. शहरी शासकीय तथा पुर्वाधार विकास योजना तर्फ अनुमानित ५० करोड

घ. लम्कीचुहा नगरपालिकभित्र कार्यक्षेत्र रहेका संघ संस्थाहरुको बजेट रकम रु. १ करोड

६१. अब म सम्मानित नगरसभा समक्ष माथि पेश गरेको लम्कीचुहा नगरपालिकाको गत आर्थिक वर्षको यथार्थ आय र व्यय, चालु आर्थिक वर्षको संसोधित आय र व्यय, आगामी आर्थिक वर्ष २०८२।०८३ को अनुमानित आय र व्ययको विवरण सम्मानित नगरसभामा घनिभुत छलफल भै पारित हुनका लागि प्रस्ताव गर्दछु। साथै, आगामी आर्थिक वर्ष २०८२।०८३ को प्रस्तावित आर्थिक विधेयक २०८२ (आ.व. २०८२।०८३) का लागि प्रस्ताव गरिएको करका दररेटको अनुमान सहितको जम्मा आय रु ४३ करोड ८७ लाख ६० हजार ८ सय ३२ रुपैया र विनियोजन विधेयक २०८२ (आ.व. २०८२।०८३) का लागि प्रस्ताव गरियोस् भनि प्रस्ताव गरेको छु। साथै, यस लम्कीचुहा नगरपालिकाको कार्यान्वयन हुन पेश भएका उल्लेखित दुवै विधेयकहरु (आर्थिक विधेयक २०८२ र विनियोजन विधेयक २०८२) छलफल गरि पारित गर्न र आगामी आर्थिक वर्षका लागि ऐनको रुपमा कार्यान्वयन गर्न दुबै विधेयक यस सम्मानित नगरसभा समक्ष प्रस्ताव गरेको छु।

६२. प्रस्तुत बजेटको कार्यान्वयनबाट आर्थिक सुधारले गति लिने र उच्च एवम् दिगो आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न अनुकूल अवस्था सिर्जना हुने अपेक्षा गरेको छु। यस बजेटले निजी लगानी अभिवृद्धि गर्न, आर्थिक

क्रियाकलाप विस्तार गर्न, उद्यमशीलताको विकास गर्न र अर्थतन्त्रमा विविधीकरण ल्याई रोजगारीको अवसर सिर्जना गर्न महत्त्वपूर्ण योगदान गर्ने विश्वास लिएको छु। यस बजेटबाट राजस्व परिचालन सुदृढ गर्न, बजेट अनुशासन कायम गर्न र सरकारको लगानी प्रतिफलयुक्त क्षेत्रमा केन्द्रित गर्न सफलता मिल्नेछ भन्नेमा म विश्वस्त छु। यसबाट अर्थतन्त्रमा गतिशीलता र विकासमा तीव्रता आउने विश्वास लिएको छु ।

६३. नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा सुझाव दिनुहुने नगरकार्यपालिकाका सदस्यज्यूहरु, बिभिन्न विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु लगायत विभिन्न क्षेत्रमा विज्ञता प्राप्त ब्यक्तित्व महानुभावहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । बजेटको सिद्वान्त र प्राथमिकतामा ब्यापक छलफल गरि प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सुझाव दिनु हुने नगर कार्यपालिकाको कार्यालयका सम्पूर्ण कर्मचारी मित्रहरु, विषयगत शाखाका प्रमुखहरु तथा प्रतिनिधिहरु, करदाता, उद्यमी, ब्यापारी/व्यवसायी, समाजसेवी, ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवाहरु, पत्रकार मित्रहरु सबैलाई धन्यवाद दिन चाहन्छु । साथै, हामीले अघि सारेका बजेटका प्राथमिकता प्राप्तकार्यक्रमहरु कार्यान्वयनमा सहयोग पुर्‍याउन नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, सम्पूर्ण बुद्धिजीवी एवम प्रबुद्ध वर्गहरु, आम नगरबासी, मतदाता, निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, नगर कर्मचारी, संचार कर्मी, नागरिक समाज लगायत स्रोत परिचालन, कानूनी सहायता, प्राविधिक तथा परामर्श क्षेत्रमा क्रियाशील संघसंस्थाहरुलाई साझेदारी र सहकार्यका लागि हार्दिक अनुरोध र अपिल समेत गर्दछु ।

धन्यवाद ।